# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम प्रकाशित

# सार्वजनिक विवरण

**(२०७९ कार्तिक देखि पौषसम्म)**




**प्रदेश सरकार**
**आर्थिक मामिला तथा योजना मन्त्रालय**
**प्रदेश-१, विराटनगर**
**२०७९, माघ**

moeap.p1.gov.np

## स्वतः प्रकाशन

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था वमोजिम सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्वन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना क्रियाकलाप तथा गतिविधिहरुको विवरण प्रत्येक त्रैमासिकमा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शिर्षकहरु उल्लेख गरिएका छन् । सो वमोजिम यस मन्त्रालयको आर्थिक वर्ष २०७९/८० को दोस्रो त्रैमासिकमा सम्पादन गरिएका मुख्य्र कृयाकलापहरु, हालसम्म भएको प्रगति, कानून निर्माणको अवस्था, मन्त्रालयमा कार्यरत कर्मचारीहरुको विवरण आदि उल्लेखनिय विषयहरु आम नागरिकको जानकारीको लागि प्रकाशित गरिएको छ ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १, विराटनगर

# विषय-सूची


| क्र.सं. | विवरण | पाना नं. |
|---|---|---|
| १. | मन्त्रालयको संक्षिप्त परिचय | १ |
| २. | कार्य क्षेत्र | २ |
| ३. | संगठन संरचना तथा कार्य विवरण | ३ |
| ४. | दरबन्दी तेरिज | ४ |
| ५. | कार्यालयमा रहने कर्मचारी संख्या र कार्यविवरण | ४ |
| ६. | कर्मचारीहरुको सम्पर्क नम्बर | ५ |
| ७. | आ.व.२०७९/८० को कार्तिक, मंसिर र पौष महिनामा यस मन्त्रालयबाट सम्पादन भएका प्रमुख कार्यक्रमहरु | ६ |
| ८. | आ.व.२०७९/८० को २०७९ पौष मसान्तसम्मको प्रदेश नं.१ को समग्र खर्चको विवरण | ७ |
| ९. | आर्थिक मामिला तथा योजना मन्त्रालय र मातहतका कार्यालयको आ.व.२०७९/८० पौष महिनासम्मको खर्चको विवरण | ८ |
| १०. | निवेदन, उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी | ८ |
| ११. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ८ |
| १२. | प्रशासनिक प्रमुख, प्रवक्ता र सूचना अधिकारीको नाम र पद | ८ |
| १३. | यस मन्त्रालयको वेव साईट | ८ |
| १४. | मन्त्रालयले प्राप्त गरेको बैदेशिक सहायता/ऋण तथा अनुदान सम्बन्धी विवरण | ८ |
| १५. | मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली | ८ |
| १६. | सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि | ९ |
| १७. | मन्त्रालयमा परेको सूचना माग सम्बन्धी निवेदनहरु | ९ |
| १८. | यस मन्त्रालयबाट प्रकाशन गरी वितरण गरिएको | ९ |
| १९. | अन्तर्गतका निकायहरु | ९ |
| | १. प्रदेश लेखा नियन्त्रक कार्यालय | ९ |
| | २. प्रदेश लेखा इकाई कार्यालयहरु ५ वटा (पाँचथर, धनकुटा, ओखलढुङ्गा, उदयपुर र झापा) | १० |

## १. मन्त्रालयको संक्षिप्त परिचय

नेपालको संविधान बमोजिम संघिय संरचना अनुसार २०७४ माघ २१ गते प्रदेश सरकार गठन भए संगै प्रदेश सरकार •कार्यविभाजन) नियमावली, २०७४ बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना मिति २०७४/१०/२९ मा भएको हो ।

यस मन्त्रालयमा माननीय मन्त्रीको राजनैतिक नेतृत्व र प्रदेश सचिवको प्रशासनिक नेतृत्वमा महाशाखा प्रमुख (उपसचिव) लगायत अन्य ४७ जना कर्मचारीको व्यवस्था रहेको छ। नेपाल सरकारको प्रथम श्रेणीको अधिकृत प्रदेश सचिव तथा रा.प. द्वितीय श्रेणीको अधिकृत (उपसचिव) महाशाखा प्रमुख रहने व्यवस्था रहेको छ । यस मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमनका साथसाथै प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण लगायतका कृयाकलापहरु सम्पादन गर्दछ।

यस मन्त्रालयले कर्मचारी सरुवा, बढुवा, सजाय तथा रेकर्ड व्यवस्थापन, समय समयमा विभिन्न निर्देशनात्मक कार्य, प्रदेश स्थित विभिन्न मन्त्रालय तथा कार्यालयको अनुगमन, मूल्याङ्कन तथा सुझाव लगायतका कृयाकलापहरु सम्पादन गर्दछ ।हाल यस कार्यालय प्रदेश नं. १, मोरङ जिल्ला स्थित बिराटनगर-७ मा रहेको छ ।

### क. कार्यालयको दुरदृष्टीः

वित्तीय स्रोतको प्रभावकारी परिचालनको माध्यमबाट यस प्रदेशलाई देशकै सबैभन्दा स्वच्छ, सुखी र समुन्नत प्रदेश बनाउने ।

### ख. लक्ष्यः

वित्तीय स्रोतको प्रभावकारी र समुचित परिचालन एवम् वित्तीय अनुशासनको पालना गर्दै मितव्ययी एवम् पारदर्शी रुपमा सार्वजनिक खर्चको उपयोग गरी सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माणमा सहयोग पुर्‍याउने ।

### ग. उद्देश्यः

- करको दरलाई कम तथा दायरालाई वृद्धि गर्दै संघ तथा स्थानीय तहसँग समन्वय गरी कर प्रणालीलाई सरल एवम् अनुमान योग्य बनाउने ।
- प्रदेश तथा स्थानीय तहहरुको कर प्रशासनको क्षमता अभिवृद्धि गर्दै सक्षम र प्रभावशाली बनाउने
- सार्वजनिक खर्च प्रणालीमा सुधार गर्दै यसलाई थप वस्तुनिष्ठ र पारदर्शी बनाउने ।
- प्रदेशको खर्च प्रणालीमा निजी तथा सहकारी क्षेत्र समेतलाई सहभागी गराई यी क्षेत्रहरुलाई आर्थिक विकासको सशक्त साझेदारको रुपमा विकास गर्ने ।
- वैदेशिक लगानी तथा वैदेशिक सहायतालाई आवश्यकता एवम् औचित्यको आधारमा तुलनात्मक लाभका क्षेत्रमा परिचालन गर्ने ।
- वित्तीय हस्तान्तरण प्रणालीलाई वैज्ञानिक बनाउने ।

## २. कार्य क्षेत्र

प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ अनुसार यस मन्त्रालयको देहाय बमोजिमका कार्य जिम्मेवारीहरु रहेका छन्:

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
- प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्यस्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान
- संघीय नीति अनुरुप सहवित्तीयकरण
- प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानूनको निर्माण, कार्यान्वयन र नियमन
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन
- प्रदेश संचित कोषको संचालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन
- प्रदेश पुरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्वन्धी
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसंचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन
- संघीय कानुन अनुसार प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- संघसंगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य
- बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन
- प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसंगको समन्वय र सहकार्य


# ३. संगठन संरचना तथा कार्य विवरण

**प्रदेश सरकार**

**१ नं प्रदेश**

**आर्थिक मामिला तथा योजना मन्त्रालयको संगठन संरचना**

अनुसूची-३.१



## ४. दरबन्दी तेरिज

प्रदेश सरकार

१ नं प्रदेश

आर्थिक मामिला तथा योजना मन्त्रालयको दरवन्दी तेरिज

अनुसूची-३.२

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | दरबन्दी संखया | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | | रा.प.प्रथम | १ | |
| २ | उपसचिव | प्रशासन | राजश्व | रा.प.द्वितीय | २ | |
| ३ | उपसचिव | प्रशासन | सामान्य प्रशासन | रा.प.द्वितीय | २ | |
| ४ | शाखा अधिकृत | प्रशासन | सामान्य प्रशासन | रा.प.तृतीय | ६ | |
| ५ | शाखा अधिकृत | प्रशासन | राजश्व | रा.प.तृतीय | ६ | |
| ६ | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय | १ | |
| ७ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | १ | |
| ८ | अर्थशास्त्री | विविध | | रा.प.तृतीय | १ | |
| ९ | तथ्यांक अधिकृत | यो तथा तथ्यांक | तथ्यांक | रा.प.तृतीय | १ | |
| १० | कम्प्युटर इन्जिनियर | विविध | | रा.प.तृतीय | १ | |
| ११ | कम्प्युटर अधिकृत | विविध | | रा.प.तृतीय | १ | |
| १२ | नायव सुब्बा | प्रशासन | सामान्य प्रशासन | रा.प.अनं.प्रथम | ५ | |
| १३ | नायव सुब्बा | प्रशासन | राजश्व | रा.प.अनं.प्रथम | ६ | |
| १४ | कम्प्युटर अपरेटर | विविध | | रा.प.अनं.प्रथम | ३ | |
| १५ | सह-लेखापाल | प्रशासन | लेखा | रा.प.अनं.द्वितीय | १ | |
| १६ | हलुका सवारी चालक | | | श्रेणीविहीन | ४ | |
| १७ | कार्यालय सहयोगी | | | श्रेणीविहीन | ५ | |
| | जम्मा | | | | ४७ | |

## ५. कार्यालयमा रहने कर्मचारी संख्या र कार्यविवरणः

यस कार्यालयलाई आवश्यक पर्ने कर्मचारी नेपालको संविधान बमोजिम हाललाई संघीय निजामती सेवा ऐन, २०४९ तथा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका कर्मचारीहरु र प्रदेश लोकसेवा आयोगको गठन पश्चात प्रदेश लोक सेवा आयोगले सिफारिस गरे अनुसारका कर्मचारीहरु रहने छन् ।यस आर्थिक मामिला तथा योजना मन्त्रालयमा देहाय बमोजिमका ४७ स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरु कार्यरत छन ।

स्वीकृत कर्मचारी दरवन्दी संख्या-४७
हाल कार्यरत स्थायी कर्मचारी संख्या-२4 र करार सेवा कर्मचारी-८

## ६. कर्मचारीहरुको सम्पर्क नम्बर :

| सचिवालय/महाशाखा | पद | नाम | सम्पर्क नं. |
|---|---|---|---|
| | **माननीय मन्त्री** | | ०२१५७३७७६ |
| **मन्त्रीज्यूको सचिवालय** | शाखा अधिकृत | | |
| | ना.सु. | रेवती ढुंगाना (काजमा) | ९८५२०३८५०० |
| | **प्रदेश सचिव** | शिवकुमार कार्की | ९८५२०२२७६८ |
| **सचिवज्यूको सचिवालय** | ना.सु. | लावण्य राज पोखरेल | ९८४२१२५३४१ |
| **प्रशासन महाशाखा** | **महाशाखा प्रमुख उपसचिव** | केशव प्रसाद अर्याल | ९८५२०५०३२८ |
| | **कर्मचारी प्रशासन शाखा** | | |
| | अधिकृत सातौँ | सतिश सत्याल | ९८५२०५०३१९ |
| | अधिकृत छैटौं | फणिन्द्रनाथ अधिकारी | ९८५२०३११९५ |
| | अधिकृत छैटौँ | अमृता भट्टराई वस्ती | ९८४२०३२८१० |
| | कम्प्युटर अधिकृत छैठौ | योगेन्द्र नारायण चौधरी | ९८५२०३५९९५ |
| | **कानून तथा फैसला कार्यान्वयन शाखा** | | |
| | कानुन अधिकृत | केशव कोइराला | ९८५२०५१४१३ |
| | **आर्थिक प्रशासन शाखा** | | |
| | लेखा अधिकृत | मनोज निरौला | ९८५११५६४१५ |
| **बजेट, योजना तथा कार्यक्रम महाशाखा** | **महाशाखा प्रमुख उपसचिव** | खगेन्द्र खड्का | ९८४२१५५३६५ |
| | **बजेट तथा कार्यक्रम शाखा** | | |
| | अधिकृत सातौँ | डम्बर प्रसाद घिमिरे | ९८४२७६३४२५ |
| | अधिकृत सातौँ | प्रिती कर्ण | ९८४२४०३००७ |
| | अधिकृत छैटौं | अनिता घिमिरे | ९८४२२४९७५८ |
| | कम्प्युटर अपरेटर पाँचौ | ममता चौलागाई | ९८४९३९७२८९ |
| | **प्रादेशिक योजना तथा अनुगमन शाखा** | | |
| | अधिकृत सातौँ | विष्णु कुमार थेगुवा | ९८४२५४२९४७ |
| **वित्त व्यवस्थापन महाशाखा** | **महाशाखा प्रमुख उपसचिव** | खगेन्द्र खड्का | ९८४२१५५३६५ |
| | **राजश्व व्यवस्थापन शाखा** | | |
| | अधिकृत आठौँ | पुष्पलता उप्रेती | ९८४२६२५७०० |
| | **विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा** | | |
| | अधिकृत सातौँ | डम्बर प्रसाद घिमिरे | ९८४२७६३४२५ |
| | अधिकृत छैटौँ | विनोद ढुङ्गेल | ९८४२०२९४७५ |
| | **सूचना प्रविधि शाखा** | | |
| | कम्प्युटर अधिकृत आठौँ | उमा शर्मा तिवारी | ९८४२०३१८५५ |
| | कम्प्युटर इन्जिनियर सातौं | स्वीटी कुमारी साह | ९८०४०४६८८३ |
| | कम्प्युटर अधिकृत छैठौ | लिलाबल्लभ नेपाल | ९८५१०१९५३९ |
| **वित्तीय क्षेत्र व्यवस्थापन तथा आर्थिक महाशाखा** | **महाशाखा प्रमुख उपसचिव** | केशव प्रसाद अर्याल | ९८५२०५०३२८ |
| | **वित्तिय क्षेत्र व्यवस्थापन शाखा** | | |
| | शाखा अधिकृत | दुर्गा ढकाल | ९८४२०४८८५५ |
| | **आर्थिक विश्लेषण शाखा** | | |
| | शाखा अधिकृत | विदुर पौडेल | ९८५२०४००१४ |

## ७. आ.व.२०७९/८० को कार्तिक, मंसिर र पौष महिनामा यस मन्त्रालयबाट सम्पादन भएका प्रमुख कार्यक्रमहरु

### प्रशासन शाखा

१ü सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ मा भएको व्यवस्था बमोजिम यस मन्त्रालयलाई आवश्यक पर्ने घर वहालमा लिएको ।

२ü बार्षिक खरिद योजना बमोजिमका अन्य कार्यहरु भएको ।

३ü प्रशासन शाखाबाट गर्नुपर्ने दैनिक प्रशासनिक कार्यका अतिरिक्त पाक्षिक, मासिक रुपमा प्रतिवेदनहरु तयार गरी सम्बन्धीत निकायहरुमा पठाईएको ।

### कानून तथा फैसला कार्यान्वयन शाखा

४ü सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी •प्रथम संशोधन) निर्देशिका, २०७९ को मस्यौदा गरी स्वीकृतिको लागि प्रदेश सरकार •मन्त्रिपरिषद्मा) पेश गरिएको।

५ü कर्मचारी प्रोत्साहन •प्रथम संशोधन) कार्यविधि, २०७९ को मस्यौदा गरी स्वीकृतिको लागि प्रदेश सरकार •मन्त्रिपरिषद्मा) पेश गरिएको।

६ü आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश सरकार (मन्त्रिपरिषद्मा) स्वीकृतिको लागि पेश गरिने विविध विषयका प्रस्तावहरु तयार गरिएको।

७ü आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको मस्यौदा गरी सुझावको लागि विषयगत मन्त्रालय तथा निकायमा पठाइएको।

८ü स्थानीय तहहरुको लागि नमुना विज्ञापन कानूनको प्रारम्भिक मस्यौदा गर्दै गरेको।

९ü शाखाबाट गरिने अन्य नियमित कामकाज गरिएको।

### आर्थिक प्रशासन शाखा

१. एकिकृत आर्थिक विवरण तयारी ।

२. आर्थिक प्रशासन सम्बन्धी नियमित काम।

३. वित्तिय सुशासन जोखिम मूल्याँकन गरिएको।

### बजेट तथा कार्यक्रम शाखा

१. आगामी आ.ब.२०८०/०८१ को लागि प्रदेश नं.1 को आय व्यय प्रक्षेपण गरिएको विवरण अर्थ मन्त्रालयमा Ĺă ȹ² İ ↤

२. यस अवधिमा विधेयकको मस्यौदा-३ वटा, कार्यविधि-3 वटा, मापदण्ड-१ वटा, मार्गदर्शन-5 वटा, नम्स-3 वटा को मस्यौदामा राय तथा सहमति प्रदान गरिएको।

३. यस अवधिमा विभिन्न मन्त्रालय/निकायबाट अनुरोध भए अनुसार 29 वटा रकमान्तर/कार्यक्रम संशोधन PLMBIS मा प्रविष्टि गरिएको।

४ü विभिन्न आयोजनाहरुलाई बहुबर्षीय खरिद गुरुयोजना अनुसार निर्माण प्रक्रिया अघि बढाउन पूर्व सहमति प्रदान गरिएको।

५. विभिन्न दुइवटा कार्यालयलाइ स.क.अ. सेवा करारमा लिइ काम काज गराउन सहमति प्रदान गरिएको ।

६. नियमित रुपमा गरिने अन्य कार्यहरु सम्पन्न गरिएको ।

### प्रादेशिक योजना तथा अनुगमन शाखा

१. प्रदेश सरकारको आ.व. २०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रकाशन गरिएको साथै मन्त्रालयको वेवसाइटमार्फत सार्वजनिक समेत गरिएको।

२. प्रादेशिक योजना तथा कार्यक्रमहरूको अनुगमन गर्ने सिलसिलामा मनमोहन प्राविधिक विश्वविद्यालय प्रदेश नं. १ मा स्थलगत रूपमा गई उक्त विश्वविद्यालयको वस्तुगत अनुगमन गरी मन्त्रालयमा प्रतिवेदन दिएको ।

३. प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०७७ को अनुसूची -१ बमोजिम यस मन्त्रालयको मासिक प्रगति प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मासिक रुपमा पठाइएको।

४. नियमित रूपमा गरिने अन्य शाखागत कार्यहरू ।

**राजश्व व्यवस्थापन शाखा**

१. उच्च स्तरिय राजश्व अध्ययन कार्यदलको बैठक सम्पन्न।

**विकास सहायता तथा अनुदान व्यवस्थापन शाखा**

१ü सम्पूर्ण प्रदेश मन्त्रालयसँगक समन्वयमा संघीय समपूरक र विशेष अनुदान सम्वन्धि प्रस्ताव तयार गरी राष्ट्रिय योजना आयोगले तोकेको प्रणाली प्रविष्टी गर्ने कार्य सम्पन्न गरिएको।

२ü आर्थिक विकासका लागि लगानी तथा नवप्रवर्तन कार्यक्रम सञ्चालनका लागि मन्त्रिपरिषद् वाट निर्णय गरी संघीय अर्थ मन्त्रालयसमक्ष प्रस्ताव पेश गरिएको।

३ü शाखा सँग सम्वन्धित नियमित प्रशासनिक कार्य सम्पादन गरिएको।

**वित्तीय क्षेत्र व्यवस्थापन शाखा**

१. मिति २०७९/०७/०२ मा प्रादेशिक बैंकका प्रमुखहरुसँग वित्तीय साक्षरता सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको ।

**आर्थिक विश्लेषण शाखा**

१. नियमित कार्यहरु सम्पन्न ।

**सूचना प्रविधि शाखा**

१. Website Updates,

२. E-attendance Monitoring,

३. Office automation Monitoring

## ८. आ.व.२०७९/८० को पौष मसान्तसम्मको प्रदेश नं.१ को समग्र खर्चको विवरण (PLMBIS को रिपोर्ट अनुसार):-

रकम रु. लाखमा

| बजेटको प्रकृति | विनियोजन | २०७९ पौष सम्मको खर्च | प्रतिशत (%) |
|---|---|---|---|
| चालु खर्च | १३०९१९ | ४०६७१ | ३१.१ |
| पूँजीगत खर्च | २२९९९४ | ४४३१६ | १९.३ |
| स्थानीय तह अनुदान | ३६४७० | १३८९७ | ३८.८ |
| **जम्मा** | **३९७३८३** | **९८८८४** | **२४.९** |

## ९. आर्थिक मामिला तथा योजना मन्त्रालय र मातहतका कार्यालयको आ.व.२०७९/८० पौष महिनासम्मको खर्चको विवरण (PLMBIS को रिपोर्ट अनुसार):-

रकम रु. हजारमा

| बजेटको प्रकृति | विनियोजन | २०७९ पौष सम्मको खर्च | प्रतिशत (%) |
|---|---|---|---|
| चालु खर्च (संघ अनुदान फिर्ता समेत) | À—Œ"“À | Àœ.·:“ŒÕŒ | ”..ü– |
| पूँजीगत खर्च | Ãœ‘“œœ | ÕŒœÃ | ÀÕüÕœ |
| **जम्मा** | **À–”..:“Õ–** | **ÀœÀÀ““–** | **“”üŒÃ** |

## १०. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारीः

### ❖ निवेदन, उजुरी उपर निर्णय गर्ने प्रकृयाः

नागरिक वा अन्य कार्यालयबाट प्राप्त निवेदन/ उजुरी माननीय मन्त्री वा प्रदेश सचिव समक्ष पेश गरिने। माननीय मन्त्री वा प्रदेश सचिवबाट सम्बन्धित महाशाखा/शाखामा कार्य सम्पादन गर्न तोक आदेश प्राप्त भए पश्चात सम्बन्धित महाशाखा/शाखाले आफैँले गर्न सक्ने भइ सोही समयमा र विषयगत मन्त्रालय वा कार्यालय मार्फत गराउनु पर्ने भएमा सम्बन्धित मन्त्रालय/ कार्यालयमा कार्यसम्पादन गर्न पत्राचार गरिने।

## ११. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

प्रदेश सचिव श्री शिवकुमार कार्की

## १२. प्रशासनिक प्रमुख, प्रवक्ता र सूचना अधिकारीको नाम र पदः

•क) मन्त्रालयका प्रशासनिक प्रमुखः श्री शिवकुमार कार्की
पदः- प्रदेश सचिव
मोवाइल नं.- ९८५२०२२७६८

•ख) प्रवक्ताः श्री केशव प्रसाद अर्याल
पदः- उपसचिव
मोवाइल नं.- ९८५२०५०३२८

•ग) सूचना अधिकारीः श्री उमा शर्मा तिवारी
पदः- कम्प्युटर अधिकृत
मोवाइल नं.- ९८५२०५०३२०

## १३. यस मन्त्रालयको वेव साईटः moeap.p1.gov.np, इमेलः info.moeap@p1.gov.np

## १४. मन्त्रालयले प्राप्त गरेको बैदेशिक सहायता/ऋण तथा अनुदान सम्बन्धी विवरणः

## १५. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः

सबै सूचना खुल्ला रहेको ।

## १६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः- यस मन्त्रालयबाट प्रदान गरिने सेवामा कुनै दस्तुर लाग्ने छैन।

## १७. मन्त्रालयमा परेको सूचना माग सम्बन्धी निवेदनहरुः

अधिवक्ता अनुज पोखरेल, मोरङ, प्रदेश नं. १ (ना.प्र.नं. ५११२३) ले मिति २०७९।०८।२५ मा इमेलद्वारा माग गर्नु भएको सूचना यस मन्त्रालयले दिईसकेको र त्यसबाहेक यस त्रैमासिकमा अन्य सूचना माग नभएको ।

## १८. यस मन्त्रालयबाट प्रकाशन गरी वितरण गरिएकोः

यो अवधिमा प्रकाशन नभएको ।

## १९. अन्तर्गतका निकायहरु :

### १.प्रदेश लेखा नियन्त्रक कार्यालय

### परिचय

प्रदेश लेखा नियन्त्रक कार्यालय बिराटनगर, मोरङ प्रदेश नं. १, प्रदेश सरकारको संचित कोष सञ्चालन गर्ने जिम्मेवार निकाय हो ।आर्थिक प्रशासन सम्बन्धमा आवश्यकतानुसार महालेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा यस कार्यालयले प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा सो को वार्षिक बित्तीय विवरण तयार गर्ने कार्य गर्नुका साथै प्रदेश भित्रका सबै सरकारी कारोबारको एकिकृत बित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने कार्य गर्दछ । यसै गरी आफ्नो कार्य क्षेत्रभित्रका कार्यालयहरुको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र आफ्नो क्षेत्र भित्रका  स्थानीय तहको आर्थिक कारोबारको छुट्टाछुट्टै र एकिकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने  जिम्मेवारी समेत यस कार्यालयमा रहन्छ ।संघीयताको कार्यान्वयनसँगै स्थापना भएको यस कार्यालयले विनियोजन, राजश्व, धरौटि तथा नेपाल सरकारबाट प्राप्त हुने बैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धि सम्पूर्ण कार्य गर्ने तथा सो को आन्तरिक लेखा परीक्षण समेतको कार्य गर्दछ ।
यो कार्यालय प्रदेश सरकारको संचित कोष सञ्चालन गर्ने जिम्मेवार निकाय हो ।आर्थिक प्रशासन सम्बन्धमा आवश्यकतानुसार महालेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा यस कार्यालयले प्रदेश संचित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा सो को वार्षिक बित्तीय विवरण तयार गर्ने कार्य गर्नुका साथै प्रदेश भित्रका सबै सरकारी कारोबारको एकिकृत बित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने कार्य गर्दछ ।

### उद्देश्यहरुः

१. प्रदेश अन्तर्गतका प्रत्येक कार्यालयको जिम्मामा रहेको घर, जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत सहितको प्रतिवेदन संकलन गरी एकीकृत जिन्सी प्रतिवेदन तयार गरी मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।
२. आर्थिक प्रशासन सञ्चालन गर्न प्रदेशमा लेखा सम्बन्धी जनशक्तिको परिचालन र व्यवस्थापन गर्ने।
३. प्रदेश लेखा नियन्त्रक कार्यालयको आर्थिक प्रशासनको सञ्चालन गर्ने, कारोवारको लेखा राख्ने र सो को अभिलेखको व्यवस्थापन गर्ने,
४. सबै प्रकारका कारोवारको निर्धारित ढाँचामा मासिक तथा बार्षिक आर्थिक विवरण तयार गर्ने,
५. सम्बद्ध निकायमा आवधिक, नियमित तथा पटके प्रतिवेदन गर्ने
६. प्रदेश लेखा नियन्त्रक कार्यालयको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु देखिएमा फछ्र्यौट गर्ने,
७. प्रदेश सञ्चित कोष सञ्चालन सँग सम्बन्धित कार्यविधि, निर्देशिका तयार गर्न समन्वय गर्ने ।
८. प्रदेश लेखा नियन्त्रक कार्यालयको सञ्चालनसँग सम्बन्धित अन्य आवश्यक कार्यहरू गर्ने ।

### कार्यक्षेत्रहरुः

१. लेखा राख्ने प्रयोजनका लागि लेखा ढाँचा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत गराई प्रयोगमा ल्याउने,
२. आर्थिक नियमको परिपालना सम्बन्धमा आवश्यकतानुसार कार्यालयको निरीक्षण गरी आवश्यक निर्देशन दिने,
३. आर्थिक प्रशासन सम्बन्धमा उठेका विवादहरुमा राय दिई समाधान गर्ने जस्ता कार्यहरु यस कार्यालयको कार्यक्षेत्र भित्र पर्दछन् ।

**प्रदेश लेखा नियन्त्रक कार्यालयको संगठन संरचना**

| सि.नं. | पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | रिक्त |
|---|---|---|---|---|
| १ | प्रदेश लेखा नियन्त्रक (दशौं तह) | १ | १ | ० |
| २ | लेखा अधिकृत (अधिकृतस्तर आठौं) | ४ | २ | २ |
| ३ | अधिकृतस्तर छैठौं | ४ | ३ | १ |
| ४ | कम्प्युटर अधिकृत (अधिकृतस्तर छैठौं) | १ | १ | ० |
| ५ | सहायक पाँचौं | २ | १ | १ |
| ६ | सहायक चौथो | २ | २ | ० |
| ७ | ह.स.चा. | २ | २ | ० |
| ८ | कार्यालय सहयोगी | ४ | ४ | ० |
| | जम्मा | २० | १६ | ४ |

## २. प्रदेश लेखा इकाई कार्यालयहरु ५ वटा (पाँचथर, धनकुटा, ओखलढुङ्गा, उदयपुर र झापा)